पहिचान स्वाभिमान सम्मान

# तराई-मधेश लोकतान्त्रिक-पार्टी

## TERAI-MADHES DEMOCRATIC PARTY



**अध्यक्ष**

# घोषणा-पत्र

**केन्द्रीय कार्यालय**
**बिजुली बजार, अनामनगर, काठमाडौं**

उत्पीडनमा पारिएका मुख्य समुदाय हुन्। यस समुदायले भोगेको सामाजिक तथा राज्य प्रदत अलगावको नितिको क्षतिपूर्ति वापत सामाजिक न्यायको आधारमा राज्य सबै निकायमा सकारात्मक विभेदको निति अनुसार आरक्षण पाउनु पर्दछ। यसरी नै मुसलमान समुदाय प्रारम्भ देखिनै धार्मिक राजनीतिक रुपमा गंभीर उपेक्षाका शिकार रहेका छन। मुस्लिम समुदायको भावनानुकुल मदरसा बोर्ड लगायत अन्य धार्मिक र शैक्षिक माँगहरुलाई यथोचित तवरले संबोधन गर्नु पर्ने राज्यको कर्तब्य हुनेछ। सकारात्मक विभेदको नीतिका तहत आरक्षणबाट यस्ता उपेक्षित/उत्पीडित/अल्पसंख्यक समुदायहरुलाई राज्यमा तोकेको समयावधीसम्म मानव सूचकाङ्कको आधारमा प्राथमिकता दिई सहभागिता गराउनु एक प्रभावकारी उपाय हो भन्ने हाम्रो स्पष्ट मत छ।

१. स्वास्थ्य :

सबैलाई स्वास्थ्य-सुरक्षा एक अभियानको रुपमा संचालित गरी जनघनत्वको आधारमा हेल्थपोष्ट र सब हेल्थपोष्टको स्थापना गर्ने नीति लिनु पर्दछ। मातृ तथा शिशु कल्याणलाई प्राथमिकतामा राख्नु पर्दछ।

२. शिक्षा :

राज्यले ग्रामीण क्षेत्रको शिक्षार त्यसमा पनि विपन्न र पिछडिएका वर्गलाई आकर्षित गर्न विशेष योजना संचालन गर्नु पर्दछ। "बृहद जातीय एकता" को प्रारम्भ विन्दु नै शिक्षा र स्वास्थ्यको पहुँच यो वर्गसम्म पुऱ्याउने कार्यक्रम हुनु पर्दछ। एस.एल.सी. सम्मको शिक्षा सबैको लागि निःशुल्क हुनुपर्ने र महिला सशक्तिकरणको लागि छात्रालाई ग्रेजुएटसम्म निःशुल्क शिक्षाको व्यवस्था हुनु पर्दछ। तराई मधेशमा उत्पादनशिल प्राविधिक शिक्षाको लागि पूर्वाधार खडा गराउन सरकारले विशेष कार्यक्रम संचालन गर्नुपर्नेछ।

३. रोजगारी :

सरकारी, निजि क्षेत्रमा रोजगारको अवसरको साथै स्वरोजारको लागि विशेष कार्यक्रम संचालन गर्नु पर्दछ। बैदेशिक रोजगारको हकमा अदक्ष भन्दा अर्धदक्ष, दक्ष र उच्च दक्ष जनशक्ति तैयार गरी सम्मानयुक्त रोजगारीको लागि पठाइनेछ। विदेशमा स्थित कुटनीतिक नियोग मार्फत यस कार्यको सुपरिवेक्षण एवं अनुगमन गरिनेछ। बेरोजगारी हटाउन न्यू मानवविकास सूचकांक रहेका गा.वि.स.हरुमा स्थानिय निकायहरु मार्फत सरकारी सुपरिवेक्षणमा कामको लागि खाद्यान्न योजना संचालन गरिने नीति लिनु पर्दछ।

४. तराई मधेसको युवा वर्ग:

लोकतन्त्र पछि पनि स्वदेशी रोजगारमा मधेसी युवाहरु झनझन मारमा पर्दै गएको तथ्य विगतका सुरक्षा निकाय, सरकारी, अर्धसरकारी, संस्थानहरुको छनौट परिणामबाट छर्लङ्ग हुदै गएको छ। तराई मधेसको लागि छानिएको पियन र कुल्ली जस्ता पदमा पनि मधेसीलाई ठाउ दिन नसक्नु, योग्यता होईन अनुहार र दलगत निर्देशनलाई आधार बनाउनु संकृण मानसिकता र रुढीवादी दृष्टिकोणबाट ग्रसित रहेको कुरा सबैले बुझेको बिषय नै हो। आउने दिनहरुमा बैदेशिक रोजगार/स्वरोजगारमा अर्धदक्षता र पूर्णदक्षता दिलाउनु तराई-मधेसमा विभिन्न सरकारी/गैरसरकारी संस्था/निजी क्षेत्रद्वारा स्तरयुक्त तालिम र त्यस पछि स्वरोजगार र बैदेशिक रोजगारको सुनिश्चितताले मात्र यो समस्याको समाधान निस्कन सक्छ भन्ने हाम्रो धारणा हो।

५. महिला :

दहेज वा अन्य कुनै किसिमको महिला उत्पीडन विरुद्ध राज्यले कडा कानून बनाई यस्तो कार्य रोक्ने वातावरण बनाउनु पर्छ साथै जनजेतना बढाई यस्तो कार्यमा संलग्न रहने व्यक्तिहरुलाई सामाजिक वहिष्कारसम्म गर्न सक्ने वातावरण सृजना गर्नुपर्दछ। मातृ तथा शिशुको कल्याण एवंम सुरक्षालाई राष्ट्रिय प्राथमिकतामा राखिने निति बन्ने आधार संविधानमा उल्लेख हुनु पर्दछ।

६. दलित उत्पीडन :

दलितहरु विरुद्ध रहेको कानूनलाई व्यवहारमा उतार्न व्यापक जनचेतना बढाउने काम गर्नु पर्दछ र राज्यले यस कार्यलाई कडा दण्डनीय अपराध घोषित गरी सरकार स्वयं वादी भई अपराधीलाई कानूनको कठघरामा उभ्याई पिडीतलाई न्याय दिलाउन सक्नु पर्दछ।

७. भाषा तथा संस्कृति:

सबैको भाषा भेषभूषा र संस्कृतिको उच्च सम्मान गर्दै त्यसको संरक्षण र संवर्धन राज्यले गर्नु पर्दछ भन्ने त.म.लो.पार्टीको मान्यता हो। यसको साथै मैथिली, भोजपुरी, अवधी, थारु र उर्दु भाषालाई प्रादेशिक भाषाको रुपमा सरकारी कामकाजको लागि प्रयोग गर्नु पर्दछ भने हिन्दी र नेपालीलाई अन्तर्प्रदेशीय सम्पर्क भाषाको रुपमा तराई-मधेस प्रदेशमा प्रयोग गर्नु पर्दछ साथै न्यायिक र अर्धन्यायिक कार्यालयमा दोभाषियाको व्यवस्था राज्यले गर्नु पर्दछ भन्ने हाम्रो धारणा हो।

८. धार्मिक स्वतन्त्रता :

राज्यले सवै धर्मलाई समान महत्व एवं सम्मान दिनेछ। कसैको धार्मिक आस्थामा ठेस पुऱ्याउने कार्य कही कतैबाट गरिनेछैन।

आर्थिक नीति :

तमलो पार्टी मिश्रीत अर्थ प्रणालीको पक्षधर हो। यस परिप्रेक्ष्यमा बिलेष्णात्मक रुपमा प्रस्तुत हुँदा एकातिर उच्च विकास दर हासिल गर्न खुला बजार र उदार अर्थ व्यवस्थाद्वारा नीजि क्षेत्रमा स्वदेशी र विदेशी लगानी आकर्षित गर्ने नीति लिनु पर्दछ भने अर्को तिर सरकारी, सहकारी र सरकारी-नीजी सहभागितामा ग्रामिण क्षेत्रको अर्थतन्त्रलाई उकास्न समाज कल्याण एवं गरिवी निवारणका कार्यक्रमहरु ब्यापक रुपमा संचालन गर्नु पर्दछ। कृषिलाई व्यवस्थित गर्न भूमिको चक्लाबन्दी गर्दै सहकारी खेतीलाई प्रोत्साहन, सामुदायिक सिंचाई, कृषि सडकको निर्माण गरी उत्पादनको समुचित बाजार-ब्यवस्थापन तथा कच्चा पदार्थको सुलभ उपलब्धता एउटा प्याकेजको रुपमा लागू गर्ने नीति राज्यले लिनु पर्दछ र तराई-मधेसमा परिष्कृत र परिमार्जित दीर्घकालीन कृषि योजना लागू गर्ने नीति राज्यले लिनुपर्ने तमलो पार्टीको धारणा रहेकोछ। सहकारिताको माध्यमद्वारा दुग्ध उत्पादनकर्ताको समेत शेयर लगानीमा दुग्ध संकलन, प्रशोधन र भारत तर्फ निर्यातको व्यवस्था नीती राज्यले लिनु पर्दछ। यसले श्वेत क्रान्ति ल्याई कृषकको आर्थिक स्तरमा सुधार ल्याउने कुरा सुनिश्चित गर्दछ भन्ने हाम्रो मान्यता हो।

उद्योगलाई निर्वाध रुपमा संचालन गर्दै उच्च उत्पादन बृद्धि गर्ने वातावरण कायम राख्न राज्यले उपयुक्त नीति लिनु पर्दछ। मजदूर हितको समेत संरक्षण गर्दै उद्योगपति र मजदूरबीच समन्वयात्मक भूमिका सरकारले खेल्नु पर्दछ र औद्योगिक संचालनको सुरक्षित वातावरण बनाउने नीति अवलम्बन गर्नु पर्दछ। ग्रामिण स्वरोजगारीको लागि साना तथा ग्रामीण उद्योगको अवधारणालाई अगाडी सार्नु पर्दछ। आयात निर्यात र परिवहनको लागि तराई-मधेसमा सब भन्दा बढी पूर्वाधार भए पनि त्याहाँका स्थानिय मूल निवासी भएको प्रतिफलबाट वंचित रहेका छन्। तराई मधेसका सिमा नजिकका व्यापरिक शहरहरुमा पूर्वाधार निर्माण गर्ने नीति राज्यले लिनु पर्दछ।

पर्यटकीय दृष्टिकोणबाट दक्षिण एशियाको सर्वाधिक जनसंख्या भएका बौद्ध र हिन्दू धर्मावलम्बीहरुको लागि धार्मिक पर्यटन क्षेत्र लुम्बिनि र जनकपुर तराई-मधेसका ऐतिहासिक स्थल हुन, तर यी बर्षौदेखि यथोचित विकासको प्रतिक्षामा रहेका छन्। यस्तै पश्चिमा पर्यटकको लागि चितवन, बर्दिया, कंचनपुर, पर्सा, राप्ती टापुका बन्य क्षेत्रमा पूर्वाधार विकास गरी रोमांचकारी पर्यटनको माध्यमले पश्चिमा पर्यटनलाई समेत आकर्षण गर्ने पर्यटन स्थल, ग्रामिण रोजगारीको साथै विदेशी मुद्रा आर्जनमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्ने वास्तविकतालाई मध्यनजर राखी नीति निर्माण गर्नु पर्दछ।

# तराई-मधेश लोकतान्त्रिक पार्टी को

चुनाव चिन्ह



'जोडा गोरु

केन्द्रिय प्रचार प्रसार समिति
कार्यालय काठमाडौं
फोन नं. ०१-४४६२३९८, फ्याक्स: ४४६२३८३

मुद्रक: शिवशक्ति प्रेस, काठमाडौ

यसको लागि निम्न बुँदाहरु आर्थिक क्षेत्रको मार्ग निर्देशक सिद्धान्तको रुपमा संविधानमा उल्लेख हुनुपर्ने हाम्रो धारणा हो।

तराई–मधेस क्षेत्र नदी, नाला, जंगल, प्रांकृतिक सुन्दरता, स्वस्थ्य हावापानी, उब्जाउ जमीन इत्यादीले भरी भराउ रहेको र कृषि तथा उद्योग विकासको लागि अत्यन्त उपयुक्त भए पनि स्पष्ट तथा सुहाउदो विकास नीतिको अभावमा पछाडी परेकोछ। आर्थिक विकासको क्रममा छिमेकी मुलुकहरुसंग प्रतिस्पर्धा गर्ने गरी नीति निर्माण गरिनेछ जसबाट सम स्तरको सम्मानजनक चौतर्फि विकास गरिनेछ। प्रति ब्यक्ति राष्ट्रिय आय पनि छिमेकी मुलुक सरह पुऱ्याइनेछ। द्रुततर आर्थिक बिकासका भरपर्दो एजेण्डाहरुमा कार्य गरिनेछ।

१. कृषिमा आत्मनिर्भर तथा निर्यातमुखी हुनको लागि उच्च उत्पादकत्व हुने बैज्ञानिक कृषि प्रणाली लागु गरिनेछ।

२. सहकारी संयन्त्रको निर्माण गरी किसानहरु कै स्वामित्वमा कृषिको व्यवसायीककरण गरिनेछ। किसानहरुलाई स्तरिय विज–विजन, खाद्य डिप बोरीङ इत्यादीको लागि सुलभ ऋणको व्यवस्था गरिनेछ।

३. ठुला नदीनालाहरुमा बाँध बनाई सिचाईको सुविधा उपलब्ध गराइने र विद्युत उत्पादन अघि बढाइनेछ। यसबाट कृषि तथा मत्स्यपालनमा सहयोग पुग्नेछ। नदी नियन्त्रणको लागि दिर्घकालिन र प्रभावकारी योजना लागु गर्नुपर्ने हाम्रो धारणा हो।

४. देश भित्रको आवश्यकतालाई ध्यानमा राखि लोडसेडिङ घटाउन तत्कालिन रुपमा बैकल्पिक उर्जाको प्रयोग गर्दै दिर्घकालिन रुपमा साना, मझौला र ठूला जलविद्युत योजनाको कार्यलाई त्वरित पथ (Fast Track) मा राखी अगाडी बढाउन विशेष नीति अख्तियार गरिनेछ।

५. औद्योगिकरण तथा रोजगारीको लागि अन्तंराष्ट्रिय स्तरको सुविधा सम्पन्न (Special Industrial Zones) हरुको स्थापना गरिनेछ।

६. विदेशी लगानीलाई आकर्षित हुने गरी औद्योगिक तथा लगानी निति बनाइनेछ।

७. सरकारी तथा नीजि क्षेत्रको सहभागितामा सम्पन्न हुने गरी मध्यम तथा ठूला परियोजनाहरु संचालन गरिनेछ।

८. श्रमिकहरुको हकहित समेत संरक्षण हुने गरी औद्योगिक विकास मुलक श्रम नीतिको तर्जुमा गरिनेछ।

९. ठूला नदीहरुमा जल यातायातको विकास तथा संचालन गरी समुद्रसम्म पहुँच पुऱ्याइने योजना बनाइनेछ। यसबाट बैदेशिक ब्यापार तथा पर्यटनमा सकारात्मक प्रंभाव पर्नेछ।

१०. सिमानामा रहेको पुराना हुलाकी मार्गहरुलाई राजमार्गमा परिणत गरिनेछ। उत्तर–दक्षिण क्षेत्रमा सडक संजाल फैलाई सम्पूर्ण ग्रामिण क्षेत्रलाई राष्ट्रिय राजमार्गमा जोडने सडक निर्माण आयोजना बनाइनेछ।

११. बंगलादेश, भुटान तथा पाकिस्तानसम्म सडक यातायात मार्फत बैदेशिक ब्यापारको सुनिश्चितता गरिनेछ। प्रस्तावित एशियन हाई–वे (Asial Highway) लाई समग्र आर्थिक विकासका लागि प्रभावकारी परिचालन गरिनेछ।

१२. तराई मधेश क्षेत्रमा यथासिघ्र अन्तर्राष्ट्रिय विमान स्थलको निर्माण कार्य गरिनेछ।

१३ यात्री तथा माल ढुवानी दुबैको लागि भरपर्दो विद्युतिय रेलमार्गको विकास गरिनेछ।

१४. परम्परागत राजस्व नीतिलाई सुधार गरी सरलीकृत, प्रोत्साहनमुलक तथा बैज्ञानिक राजस्व नीति बनाइनेछ।

१५. स्वच्छ खानेपानी र सरसफाईको अभावमा मानवजीवन आक्रान्त छ। तसर्थ केन्द्रिंय र संघिय नीति तयार गरी यस समस्याको दिर्घकालिन समाधान गरिनेछ।

**जय तराई–जय मधेश**

Tilak Pathak

नेपाल बहुभाषिक, बहुजातिक, बहुसांस्कृतिक राष्ट्रको रुपमा उल्लेख भएतापनि ब्यवहारमा केन्द्रात्मक प्रणाली र बर्ग विशेषको शासन प्रशासनमा वर्चस्व रहिरहेको कुरा सर्व विदित नै हो। सीमान्तकृत वर्गलाई राज्य संचालनमा सहभागी गराउने कार्यमा २०४६ सालको आन्दोलन पछिको १६ बर्ष र लोकतन्त्र प्राप्ति पछि पनि जिम्मेवार दलहरुबाट उदासिनता र वेवास्ता गर्ने कार्य जारी रहनाले यो वर्गले राज्य प्रति विद्रोहलाई प्रत्यक्ष परोक्ष रुपले समर्थन गऱ्यो। शाही शासनद्वारा २०४७ को संविधान माथि कू्र गरे पछि, संसदीय दलहरु र राज्य विद्रोही पक्ष सम्झौता गरी २०६२/६३ को आन्दोलनलाई उत्कर्षमा पुऱ्याएर शताब्दीयो पछि देशका जनताले लोकतन्त्र प्राप्त गरे। यो उपलब्धीलाई संस्थागत गर्न र युद्धरत पक्षलाई शान्तिपूर्ण तरीकाले मुलधारमा ल्याउन संविधान सभा मार्फत नयाँ संविधानको निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरीयो।

यद्यपि २००७ साल देखि नै संविधान सभाद्वारा संविधानाको निर्मांण गर्नुपर्ने आवाज उठेको र यस क्रममा २०४६ को जनआन्दोलन-१, २०६२/६३ को जनआन्दोलन-२ र दुई पटक मधेस जन-विद्रोहको दौरान धेरैले शहादत प्राप्त गरे जसको लागि सम्पूर्ण राष्ट्र नै ऋणी रही रहने कुरामा कसैको द्विमत नहोला। ती सबै शहीदहरु प्रति तमलोपाल हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछ।

लोकतन्त्र प्राप्ति पछि शान्ति सम्झौता हुदै माओवादी सहितको संसद-ब्यवस्थापिका र सरकारको गठन सकारात्मक पक्षको रुपमा लिनु पर्दछ। तर सीमान्तकृत वर्गको उत्थानको नाममा शुरु गरिएको जनयुद्ध र सवैको सकृय सहभागीताबाट प्राप्त लोकतन्त्रीय ब्यवस्थामा पनि आएको अन्तरिम संविधानमा यही वर्ग प्रति देखाईएको घोर उपेक्षाले यो वर्ग पुनः ठगिएको कुरा महसुस गरी आन्दोलित हुन पुग्यो। यही क्रममा शताब्दियो देखि उपेक्षित मधेसी समुदाय त ऐतिहासिक मधेस जन-विद्रोहमा लाखौ लाखको जन-समुद्र जसमा पहिलो पटक गृहस्थीको दायराबाट बाहिर निस्केर हजारौको संख्यामा महिलाको समेत उपस्थिति रहयो। तर स्थापित नेतृत्वको अभाव र सात दलिय सरकारको ठग्ने प्रकृति (कुटिलता) ले उपलब्धी अत्यन्त न्यून रहयो। ऐतिहासिक मधेसी आन्दोलन विभेदी मानसिकतायुक्त नेतृत्व विरुद्धको जनघोष थियो तर शासक समूहको सोचमा परिवर्तन आएन। सातदल र तिनको नेतृत्व संविधानसभालाई सीमान्तकृत वर्गको हितमा सार्थक बनाउने कार्यमा लाग्नुको सट्टा पद र सत्ताको भागबण्डा गर्दै सत्ता लम्ब्याउने कार्यमा मात्र लागी रहे।

यसै परिप्रेक्ष्यमा संसदीय क्षेत्र निर्धारणआयोगको भेदभाव र बदनीयतपूर्ण प्रतिवेदनको विरोधमा ३४ दिनसम्म ब्यवस्थापिका संसदको कार्यवाही अवरुद्ध पारेका सांसदहरुले बारम्बार बैठक बसी तराई-मधेसको यावत् समस्याहरुका बारेमा छलफल गरे तथा सम्पूर्ण तराई-मधेसको दह्रो नेतृत्व एकजुट भई बलियो राजनीतिक दल तैयार नगरेसम्म अप्ठ्यारा र अपमानबाट मधेसलाई मुक्त गराउन नसकिने निष्कर्ष निकाले। तथाकथित राष्ट्रिय स्तरका राजनीतिक दलहरुका नेतृत्व तहमा रहेका समूह विशेष मध्ये अधिकांशले मधेसको सम्बन्धमा गोहीको आँसु बगाउन सक्छन् तर मधेसी समुदायलाई सकारात्मक परिणाम दिन सहजरुपमा तैयार छैनन् भन्ने तथ्यलाई हृदयङ्कम गरेर सैद्धान्तिक सहमति गरी त्यसैको कार्यान्वयनको क्रममा मन्त्रीपद, ब्यवस्थापिका सांसद र आ-आ नो दलको जिम्मेवारी छाडी बृहत राजनीतिक शक्ति निर्माण अभियानमा लाग्ने कार्य प्रारम्भ गरियो। यस कार्यले तराई-मधेसमा नयाँ विश्वास, उत्साह र उर्जा सृजित गरी आत्म निर्णयको अधिकार सहितको स्वायत्त मधेस प्रदेशको स्थापना गरी शोषित, पिडित र उपेक्षित तराई-मधेसलाई विकसित, समृद्ध र शान्त बनाउने उद्देश्यका साथ दरो र वास्तविक राष्ट्रिय एकताको निर्माण गर्ने उद्देश्यले गणतन्त्रात्मक लोकतान्त्रिक बहुदलीय संसदीय ब्यवस्था, स्वतन्त्र न्यायपालिका, विश्व अनुमोदित मौलिक हक र मानवअधिकारको ग्यारेण्टीयुक्त कानूनी राज्यको अवधारणा एवं जनता नै सार्वभौम रहने संघीय लोकतान्त्रिक गणराज्य स्थापना गरी सकारात्मक विभेदद्वारा वर्तमान सामाजिक असमानता न्यून गर्दै जाने तथा उदार मिश्रित अर्थब्यवस्थाको अनुकरण गर्दै खुला-बजार र निजी क्षेत्रको लगानीमा अभिबृद्धिका साथ उच्च विकास दर हासिल गर्ने तथा राज्यद्वारा ग्रामिण क्षेत्रको लागि गरिवी निवारणका कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्ने लक्ष्य राखेर पुष १३ गते यो तराई-मधेश लोकतान्त्रिक पार्टीको गठन गरिएको हो।

६ दिनको सानो अवधी भित्र तमलोपा संविधानसभाको चुनावलाई औपचारिकता र यथास्थितिमा मात्र सिमित राखी यसलाई तराई–मधेशका जनताको लागि सार्थक र उपलब्धिपूर्ण बनाउने उद्देश्यले प्र.म.समक्ष १५ दिनको अल्टिमेटम साथ ११ बुँदे ज्ञापनपत्र पेश गऱ्यो। सरकारको बेवास्ता र अकर्मण्यता विरुद्ध १५ दिनसम्म विरोध कार्यक्रम संचालित गरियो जसमा ठूलो जनसर्मथन प्राप्त भएपनि मधेसको समस्यालाई गम्भीर रुपमा नलिने सरकारी दृष्टिकोणमा कुनै परिवर्तन भएन।

यसै क्रममा शान्तिपूर्ण मधेसवादी दलहरुसंग सहकार्य गरी लक्ष्यसम्म पुग्ने रणनीति अनुसार माघ २५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको निर्माण गरी तमलोपाको ११ बुँदे ज्ञापनपत्रलाई आधार बनाई ६ बूँदे माँगका साथ फागुन १ गते देखि अनिश्चितकालीन हडताल र ५ गते देखि नाकाबन्दीको घोषणा भयो। यस सहकार्य र घोषणाले मधेसमा अभूतपूर्व जागरण ल्यायो र पहिलो पटक झापा देखि कंचनपुर सम्मका जनता र सम्पूर्ण सीमान्तकृत वर्ग (थारु लगायत सबै मधेसी, जनजाति, आदिवासी समुदाय) एकजूट भई सरकारको विपक्षमा एक्यबद्धताको प्रदर्शन गरे।

सरकारद्वारा दमन, फुट र सांप्रदायिक सद्‌भाव विथोल्ने षडयन्त्रहरुलाई चिर्दै अंततः १६ दिन पछि ६ बूँदे माँगका साथ विगतमा सहमति गरेका तर कार्यान्वयन नभएका बूँदाहरु समेत राखी आठबूँदे सहमति भयो जसको फलस्वरुप मधेसले पहिलो पटक राज्यद्वारा मधेस–प्रदेशको स्थापना स्वीकार गरिनुको साथै अंतराष्ट्रिय समुदायको समेत समर्थन र कार्यान्वयन पक्षमा जोड दिनुपर्ने आशयका साथ विज्ञप्तिहरु प्रकाशित भए।

पहिलो मधेश जनविद्रोह भन्दा फरक दोस्रो मधेस जन आन्दोलनको विशेषता अपेक्षाकृत कम क्षति र कम समयावधिमा बढि उपलब्धीको प्राप्ति रहयो र यसको लागि शान्तिपूर्ण आन्दोलनलाई जिम्मेवारीपूर्ण तवरले संचालन गर्नु र वार्ताको टेबुलमा तार्किक प्रस्तुति नै मूलभूत कुरा रहे मधेसको स्थापित र अनुभवी नेतृत्वको साथै आन्दोलनबाट आएको नेतृत्वको सम्मिलित प्रयासले यो संभव भएको कुरा तमलोपाको निष्कर्ष हो। यद्यपि यस आन्दोलनमा घाइते भएका आन्दोलनकारी र शहादत प्राप्त गरेको शहिदहरुको योगदान चिरस्मरणीय रहने कुरामा कसैको विमति नहोला। यही भावनालाई हृदयगम गरी तमलोपाले संविधान सभाको निर्वाचनको समानुपातिक प्रणालीको लिस्टमा शहिद परिवारका ब्यक्तिहरुलाई समाबेश गरी उच्च सम्मान ब्यक्त गर्ने प्रयास गरेकोछ।

यो उपलब्धिलाई संस्थागत गर्नुको साथै तराई–मधेशको हक अधिकारलाई तर्क संगत विन्दुसम्म पुऱ्याउदै शान्त समृद्ध तराई–मधेश प्रदेशबाट नै राष्ट्र राजनीतिक स्थायित्व तथा आर्थिक समृद्धि पाउन सक्ने कुरालाई केन्द्र विन्दु मानी अगाडी बढनु पर्ने हाम्रो धारणा हो। यद्यपि देशमा विद्यमान सबै विभेद र राज्य पुर्नसंरचनाको सबै कार्यभार संविधान सभाले मात्र पुरा गर्न सक्दैन। तथापि संविधानसभा, जनताको प्रत्यक्ष सहभागितामा आधारित एक लोकप्रिय र प्रगतिशिल मञ्च तथा देशको संविधान निर्माण गर्ने र तराई–मधेशको अधिकार सुरक्षित गराउने साझा मञ्च भएकोले तमलोपाले यस निर्वाचनलाई एक चुनौतिको रुपमा स्वीकारेको छ। संविधानसभाको निर्वाचनको प्रकृति र लक्ष्य अन्य संसदीय निर्वाचन भन्दा सर्वथा पृथक रहने गर्दछ। तसर्थ यो निर्वाचन मार्फत, तराई–मधेश बैज्ञानिक संघर्षको नयाँ चरणमा प्रबेश गर्दैछ। बस्तुतः यो निर्वाचनको संघर्ष, सत्ताको लागि संघर्ष नभई प्रभुसत्ताको लागि गरिने संघर्ष हो।

### क) प्रमुख लक्ष्य आन्तरिक औपनिविशबादको अन्त्य र स्वायत्त तराई-मधेश प्रदेशको निर्माण :

लामो समयसम्म तराईका मधेशीहरु नागरिकता पाउनबाट बञ्चित रहे। यसले गर्दा लाखौं मधेसीहरु सरकारी नोकरी, ठेक्कापट्टा, चुनावमा उम्मेदवार हुन, बैदेशिक रोजगार, ब्यापार, उद्योगधन्दा, जग्गा खरिद बिक्रि, अंशबण्डा जस्ता अत्यन्त महत्वपूर्ण कारोबारहरु गर्नबाट बञ्चित रहनु पऱ्यो। अतः मधेसीहरुको राज्यमा राजनीतिक प्रतिनिधित्वमा नकारात्मक प्रभाव परेकोछ। मधेसीहरुको परम्परागत पहिरन, भाषा एवं संस्कृतिलाई मान्यता

नदिएर मुलुकको साँस्कृतिक विविधता र राष्ट्रिय पहिचानलाई कमजोर पार्ने कार्य भएको छ। वास्तवमा उपर्युक्त राज्य परिस्थिति नै औपनिबेशिक चरित्र हो। नेपाली मधेसीको सबै भन्दा ठुलो समस्या नै आन्तरिक औपनिबेशिकताको समस्या हो र यसको अन्त्य गर्नु नै आजको मधेसको प्रमुख राजनीतिक कार्यभार हो।

हामी तराई–मधेशको राजनीतिक प्रशासनिक प्रदेशको रुपमा एकताबद्ध एवं तराई–मधेश स्वायत्त क्षेत्रका एक प्रवल पक्षपाति हौं। हाम्रो यस धारणाको एकमात्र मुख्य कारण नै एकिकृत तराई मधेसबाट मात्र हामी प्रचलित राज्य प्रणालीको आन्तरिक औपनिवेशिकताबाट मुक्त हुन सक्दछौं। हालको मधेसको विद्यमान जनसांख्यीक रुपान्तरणलाई विचार गर्दा अवध, थरुहट, भोजपुर, मिथिलाका अन्य कुनै बिखण्डित मधेसको कुनै पनि प्रदेश वा राज्य गैर मधेसीको निर्णायक प्रभावबाट मुक्त हुन सक्दैन। तसर्थ कंचनपुर देखि झापासम्म एक स्वायत्त क्षेत्र (An Autonomous region) को रुपमा स्थापित हुनुपर्ने हाम्रो धारणा हो। यस बारेमा निम्न बुँदाहरुले यसको लागि आवश्यक आधार खडा गर्दछन :

क) भौगोलिक समानता
ख) सांस्कृतिक एवंम भाषिक निकटता
ग) समान जलवायु
घ) आर्थिक क्षेत्रमा एकरुपता–अर्थतन्त्रको मेरुदण्ड नै कृषि
ङ) समानरुपमा शासित अर्थात शोषण र औपनिवेशबादबाट पिडित रहेकोले पहिचान सम्मान एवंम स्वाभिमानको संघर्षमा ऐक्यवद्धता
च) भावनात्मक एकता

भौगोलिक क्षेत्र निर्धारण आयोग र संसदद्वारा पारित संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ ले सम्पूर्ण मधेश र मधेसीलाई एउटै बर्गीकरणमा राखेर क्रमशः जनसंख्याको आधारमा क्षेत्र निर्धारण र समानुपातिक प्रणालीमा मधेसीको प्रतिशत निर्धारण गर्ने कार्य गरिएको हो। यसले वर्तमान सरकारले यो क्षेत्रलाई एउटा भौगोलिक एकाईको रुपमा ग्रहण गरिसकेको कुरा स्वतः सिद्ध छ। संविधानसभाको निर्वाचन पछि यो स्वायत्त क्षेत्रका जनप्रतिनिधि बसेर आवश्यकता अनुरुप प्रान्तीय विभाजनको निर्णय लिनेछन्। यस प्रक्रियाले शासक बर्गको उत्तर दक्षिण प्रान्त विभाजनको सम्भावित कुचेष्टालाई रोक्न भूमिका खेल्न सक्छ। वास्तवमा सम्बन्धित प्रांन्तमा अद्यावधि उपेक्षित र आन्तरिक औपनिवेशवादबाट पिडित वर्गको स्वशासन नभएसम्म स्वायत्तता अर्थ हिन र राज्य प्रतिको अपनत्व निष्प्रभावि रहन्छ।

हामीले एकिकृत मधेसको कुरा गर्दा निरपेक्ष मधेसी जातीय राज्यको परिकल्पना गर्दैनौ। हामी केन्द्रीय राज्य प्राणालीमा मुलुकका सबै आदिवासी/जात/जाती/जनजाति, भाषा/भाषि, महिला, दलित, उपेक्षित/उत्पीडित, अल्संख्यक तथा सबै क्षेत्रका नागरिकको लागि राज्यको सबै निकायमा पूर्ण समानुपातिक समावेशीकरण हुनुपर्ने र यस्तै हामीले चाहेको प्रदेशका सबै क्षेत्रमा नागरिकको लागि प्रदेशको सबै निकायमा पूर्ण समानुपातिक समाबेशीकरण हुनुपर्ने तथ्यमा अटल विश्वास राख्दछौं।

ख) शासन प्रणाली :

सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित रहने बहुदलीय संसदीय ब्यवस्था, सामाजिक न्यायमा आधारित विधिको शासन, सक्षम एवंम स्वतन्त्र न्यायपालिका, विश्वमान्यता अनुरुपको मौलिक हक र मानवाधिकारको सुनिश्चितता, प्रेस स्वतन्त्रता र शक्ति पृथकीकरणको साथै पूर्ण स्वायत्त र अधिकार संपन्न प्रदेशहरु कायम हुने गरी नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रातमक राज्य रहनु पर्ने तमलो पार्टीको धारणा हो।

यसको साथै तमलोपा देशको संचालन प्रधानमन्त्रीय प्रणालीद्वारा हुनुपर्ने सिद्धान्त अवलम्बन गर्न चाहन्छ।

सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहनेछ। यसको प्रयोग केन्द्रमा जनताद्वारा निर्वाचित संसद (दुई सदन) र प्रदेशमा जननिर्वाचित विधायिकाद्वारा हुनेछ। ब्यवस्थापिकाले केन्द्रमा प्रधानमन्त्री चयन गर्नेछ र त्यसको विश्वास मत प्राप्त सरकारले राज्य संचालन गर्नेछ। त्यस्तै प्रदेशको संचालन विधायिकाद्वारा चयन गरिएको सरकार प्रमुख र विश्वासमत प्राप्त प्रान्तीय सरकारद्वारा हुनेछ।

राजनीतिक स्थायित्वको लागि अविश्वास प्रस्ताव ल्याउन शुरुको एक बर्ष निषेध हुनुपर्ने, एउटा अविश्वास प्रस्ताव र अर्को बीच आवधिक सिमा निर्धारण हुनुपर्ने लगायत विभिन्न बंदेजको व्यवस्था संविधानत हुनुपर्ने हाम्रो धारणा हो।

## राष्ट्रपति :

राष्ट्रपतिको निर्वाचन दुवै संसद र प्रादेशिक विधायिकाद्वारा हुनेछ। राष्ट्रपति राष्ट्रप्रमुख हुनेछ र यसको भूमिका सामान्यतमा आलङ्कारिक हुनेछ।

## ग) मौलिक हक :

अभिब्यक्तिको हक, प्रकाशन र प्रसारणको हक र राजनैतिक दल र संघ-संस्था खोल्ने हक, देशको कुनै पनि भागमा पेशा/ब्यवसाय/उद्योग गर्ने, आवतजावत गर्ने र बसोबास गर्ने हकको साथै आ नो सम्पतिको संरक्षण र संर्वधन गर्ने हक प्रत्येक नागरिकमा रहनेछ। मौलिक हकको संरक्षण गर्ने दायित्व राज्यको हुनेछ

## घ) स्वतन्त्र न्यायपालिका :

न्यायपालिका एक स्वतन्त्र संबैधानिक निकायको रुपमा रहनेछ। सर्वोच्च अदालत नै संविधानको अन्तिम ब्याख्याताको रुपमा रहनेछ। राज्यको पुनसंरचना संगै न्यायपालिका पनि ३ तहमा रहने छ। प्रत्येक प्रदेशको आ नै प्रादेशिक न्यायपालिका र जिल्ला न्यायालय रहनेछन्।

यसको साथै सामुदायिक न्याय (Community Justice) र सर्वसुलभ त्वरित न्यायालय (Fast Track Court) को अवधारणालाई विकसित गर्नुको साथै Civil Court, Criminal Court, Tax Court र Consumer Court को आधुनिक प्रणाली अवलम्बन गर्नु पर्दछ।

## ङ) निर्वाचन प्रणाली :

तराई-मधेस लोकतान्त्रिक पार्टी न्यायोचित समानुपातिक निर्वाचन पद्धतिको पक्षमा दृढ छ। कुनै पनि निर्वाचन पद्धति जनताको चाहना र सर्मथनलाई प्रतिविम्बीत गर्दै बैयक्तिक स्वतन्त्रताको ग्यारेण्टी समेत रहेको र हर क्षेत्रको विविधतालाई समानुपातिक किसीमले समेट्ने भावना अनुरुपको लोकतान्त्रिक संघिय प्रणालीलाई आत्मसात गरेको र निर्वाचन प्रतिनिधिको स्वविवेकिय अधिकार भएको हुनुपर्दछ भन्ने हाम्रो मान्यता हो

## च) सञ्चार माध्यमको स्वतन्त्रता :

राज्यको चौथो अंग सञ्चार माध्यम सञ्चार माध्यमले सरकारलाई स्वेच्छाचारितामा जान नदिन प्रमुख प्रतिपक्षीको भूमिका समेत खेल्नु परेको हुँदा सरकारी निकाय वा अन्य कुनै राजनीतिक दल वा कसैबाट यसलाई हस्तक्षेप मुक्त राख्नु नितान्त आवश्यक छ।

## छ. मधेस शसस्त्र विद्रोह :

शान्तिपूर्ण संघर्ष र सत्याग्रहको आवाजको सुनुवाई नभएकै कारण मधेसको युवा वर्ग समेतलाई बाध्य पारी शसस्त्र संघर्षको बाटो तिर धकेल्दै पुऱ्याईएको हो भन्ने हाम्रो धारणा हो। सरकारले राजनैतिक समाधानको बाटो अंगाल्नु नै परिणाममुलक हुनसक्छ। कुनै किसिमको बल प्रयोगले संघर्ष लाई लम्ब्याउने र परिणामब

यढा पुऱ्याउन सक्छ भन्ने हाम्रो दृढ विश्वास रहेको सन्दर्भमा हाम्रो शान्तिपूर्ण संघर्षमा तराई–मधेसको आन्तरिक औपनिबेशवाद विरुद्धको स्पष्ट राजनीतिक धार र लक्ष्य बोकेका सबै राजनीतिक समुहसंग हामीले सहयोग र समर्थनको अपेक्षा गरेका छौं। यसै क्रममा आठ बुँदे सम्झौतामा यस सम्बन्धि विषयमा नेपाल सरकार विवेक पुऱ्याई इमान्दारी साथ कार्यान्वयनमा लाग्नु पर्ने हाम्रो धारणा हो।

ज) कब्जा गरिएको सम्पति फिर्ता :

जर्वजस्ती र अबैधानिक तरिकाले कब्जा गरिएको सबै सम्पति त्यसको हकवालालाई अविलम्ब फिर्ता गर्नु पर्दछ।

झ) राजनीतिक दल र सिमान्तकृत वर्गको राष्ट्रीय संघ संस्था बारे दृष्टिकोण :

जनजाति, दलित र महिला मधेसी समुदाय जस्तै उपेक्षित, उत्पीडित र शताब्दीयौ देखि बन्चितीकरणको मारमा परेका वर्गहरुसंग तराई–मधेस लोकतान्त्रिक पार्टीले समन्वयात्मक सुमधुर सम्बन्ध राखी समग्र सिमान्तकृत वर्गको लक्ष्य हासिल गर्न आवश्यक कदम चाल्न सदैव तयार रहनेछ। हाम्रो अवधारणा र पार्टीको उद्देश्य तथा तराई मधेसको हकहित प्रति सकारात्मक दृष्टिकोण, समर्थन र सहमति जनाउने राजनैनिक दलसंग हाम्रो समन्वयात्मक संबन्ध रहने छ र हामीले मित्र शक्तिको रुपमा नै ग्रहण गर्नु पर्ने मान्यता हो।

ञ) सेना :

हाम्लो पार्टी समबेशी, लोकतान्त्रिक चरित्र भएको, राज्यले वहन गर्न सक्ने क्षमता र उपयोगिता अनुसारको मानवअधिकार प्रति प्रतिबद्ध सेनाको पक्षमा रहेको छ। नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समाबेशी बनाउन मधेसी लगायत अन्य समुदायको समानुपातिक, समाबेशी र समुहगत प्रबेशलाई सुनिश्चित गरिनेछ।

ट) परराष्ट्रनीति :

पंचशिलको सिद्धान्तमा आधारित असंलग्न नीति नै नेपालको परराष्ट्नीतिको मूलमन्त्र रहनु पर्ने हाम्रो धारणा हो। राष्ट्रिय अखण्डता र स्वतन्त्रतालाई अक्षुण राख्दै सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा व्यापक परिवर्तन र सिमान्तकृत वर्गको उत्थानको लागि अन्तराष्ट्रिय सहयोग र समर्थन जुटाउनु पर्ने हाम्रो उद्देश्य भएकोले यसको प्राप्तिका लागि विश्वका सबै राष्ट्रसंग मैत्री सम्बन्ध कायम हुनु पर्दछ। संयुक्त राष्ट्रसंघको वडापत्रको सम्मान गर्दै लोकतन्त्र र मानवअधिकारलाई विदेशनीतिको थप आधारको रुपमा स्वीकार्दै राष्ट्रहितमा आर्थिक कूटनीतिको व्यापक उपयोग हुनु पर्ने तराई–मधेस लोकतान्त्रिक पार्टीको मान्यता हो।

ठ) भ्रष्टाचार निवारण :

यसको प्रभावकारी संयन्त्रको संचालनको साथै यसलाई राजनीतिक प्रभाव बाट मुक्त राख्ने नीति लिनु पर्दछ।

ड) सुशासन :

सुशासनको लागि विधिको शासनलाई नै प्रमुख आाधार मानिनेछ। प्रशासयन्त्रलाई गैर राजनीतिक स्थायी निकायको रुपमा स्थापित गर्नुपर्ने एवं सबै किसीमका राजनीतिक हस्तक्षेपबाट मुक्त राखिने सबैको कर्तब्य हुनुपर्ने नीति सुनिश्चित गरिनु पर्दछ।

## तराई-मधेसको सामाजिक सुधार

मधेसी समुदाय भित्रै बृहद् जातीय एकताको निर्माण गर्नु पर्म आवश्यक छ। यो पनि मधेसको अर्को महत्वपूर्ण राजनीतिक कार्यभार हो। दलित समुदाय वर्णाश्रमको तिरस्कार, राजनीतिक–आर्थिक उपेक्षा र